बागमती प्रदेश
हेटौंडा, नेपाल

मुख्यमन्त्री

# शुभकामना

राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछु। देशमा लोकतन्त्र प्राप्ति एवम् राष्ट्रियताको संवर्द्धनका लागि विभिन्न समयमा भएका संघर्षहरुमा जीवन आहुति दिनुहुने महान् सहिदहरुप्रति स-सम्मान भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

यस अवसरमा जहानियाँ, निरङ्कुश शासनविरूद्ध बलिदानीपूर्ण संघर्षको परिणामस्वरूप वि.सं.२००७ सालको आन्दोलन सफल भए पश्चात आधारभूत मानवअधिकारको बहाली भई नेपाली जनताले राजनीतिक स्वतन्त्रता हासिल गरेको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान स्वरूप प्रत्येक वर्ष फागुन ७ गते मनाउने गरिएको छ। प्रजातान्त्रिक आन्दोलनको यस महत्वपूर्ण दिनमा नेपालमा लोकतन्त्र प्राप्तिका लागि हालसम्म सबै खाले संघर्षका क्रममा घाइते, अपाङ्ग साथै बेपत्ता पारिनुभएका सम्पूर्ण प्रजातान्त्रिक सेनानीहरूको अमूल्य योगदानको स्मरण गर्दै उहाँहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

हामी विगत सात दशक यताका सबैखाले संघर्ष र आन्दोलनहरुबाट प्राप्त उपलब्धीको रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको चरणमा छौं। यसको विकास, विस्तार र सुदृढीकरणको प्रक्रिया निरन्तर चलिरहेको छ। प्रजातन्त्रलाई संस्थागत गर्नका लागि संविधान सभाबाट लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएसंगै लामो राजनीतिक सङ्क्रमणकाल समाप्त भईसकेको सन्दर्भमा मुलुकको आर्थिक, सामाजिक, रूपान्तरण सहित आम जनताको जीवनस्तर सुधार गर्ने लक्ष्यका साथ गठन भएको बागमती प्रदेश सरकार, बागमती प्रदेशको विकास र समृद्धिका लागि दृढ रहेको विश्वास दिलाउन चाहन्छु ।

अन्त्यमा, राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ ले हामी बीच संविधानको मर्म र भावना अनुसार सामाजिक सद्भाव कायम गरी राष्ट्रियता, लोकतन्त्रको जगेर्ना गर्दै सङ्घीयताको सबलीकरण र गणतन्त्र सुदृढ गर्न एकताबद्ध भई सफल एवम् समुन्नत राष्ट्र निर्माणमा अघि बढ्न प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

*धन्यवाद । जय नेपाल ।*

विक्रम सम्वत् २०८१ फागुन, ७

नेपाल सम्वत् ११४५ सिल्लागा, षष्ठी

बहादुर सिंह लामा तामाङ
मुख्यमन्त्री